# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शिवपुरी गाउँपालिका
## नुवाकोट

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शिवपुरी गाउँपालिका
## नुवाकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

शिवपुरी गाउँपालिका

नुवाकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मिति:२०८१।०२।१४

प.सं. २०८०।८१

च.नं. २००

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

शिवपुरी गाँउपालिका, गाउँकार्यपालिकाको कार्यालय,

नुवाकोट।

१. **कैफियत सहितको राय**- हामीले शिवपुरी गाँउपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ३ लाख ४४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ३ लाख ३३ हजार को प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ७ लाख ४४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू. ५४ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु. ३७ लाख ५५ हजार र पेश्की बाँकी रु. ४० हजार समेत रु १ करोड ११ हजार रहेको छ ।शिवपुरी गाँउपालिकाको गतवर्ष सम्म रु. ७ करोड ६० लाख ४३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ६०

लाख ५४ हजार रहेको छ । **शिवपुरी गाँउपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने शिवपुरी गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी शिवपुरी गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

शिवपुरी गाँउपालिका,

नुवाकोट जिल्ला,

## १. चालु वर्ष२०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | १०४ | १०३४४ | ० | ३८ | ३३३ | ५३ | ६६ | १००११ | ७४४ | ३७५५ | ५४७३ | ० | ० | ९२२८ | ४० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | ७६०४३ | ० | ० | ७६०४३ | ० | १००११ | ८६०५४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **०७९।८० (चालु वर्षको)** | | | |
| | **२०७९।८०** | ३७ | अनुगमन भत्ता दाखिला प्रमाण | २५५० |
| | **२०७९।८०** | ३८ | बढि दरमा बैठक भत्ता | १३६०० |
| | **२०७९।८०** | ४० | अनुगमना भत्ता दाखिला प्रमाण | ५४८२५ |
| | **२०७९।८०** | ४६ | २०% लागत सहभागिता | ४९२२५ |
| | **२०७९।८०** | ४८ | अनुगमन भत्ता दाखिला प्रमाण | १८२२५ |
| | **२०७९।८०** | ५९ | श्रीकृष्ण जेभि विल भर्पाई पेश | ५०००० |
| | **२०७९।८०** | ६५.३ | शिवहरि क्षेत्रीको दाखिला प्रमाण | ४८००० |
| | **२०७९।८०** | ६६ | मेनावती स्टिल कर समायोजन प्रमाण | ९६६४६ |
| | **चालु वर्षको जम्मा** | | | **३३३०७१** |
| | **गत विगतको जम्मा** | | | **०** |
| | **कुल जम्मा** | | | **३३३०७१** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरणतल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।२८ देखि २०८०।७।१सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् ।सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको कूल आयतर्फ रु. ७०००३१४१४ र व्ययतर्फ रु.

६६५१०१७५६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,१८,७००।०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | नियम विपरितको भुक्तानी | १०२७०० |
| २ | बढि भुक्तानी | १६००० |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

## २ वित्तीय बिबरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

अनुसुचि संलग्न छ

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूची -३ मा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** -पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११०४१५९०१, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३३४३८८५८, र स्थानिय पुर्वाधार विकास कार्यक्रम प्रदेश तर्फ रु.१५००००० समेत गरी रु १४५३५४७५९।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २८४५८७५, यस वर्षको प्राप्ति रु. ६५९८२९७३५,यस वर्षको भुक्तानी रु. ६२४९०००७७ र बैङ्क मौज्दात रु. ३२०८३७८३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

**एकिकृत आर्थिक विवरण**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३७३५५८०४ | १ | चालु खर्च | ३१६२६३२२४ |
| | क) नगद | ० | | २ | पूँजीगत खर्च | १९१०५०२६३ |
| | ख विविध खर्च खाता कोष | ३९६२२९८ | | | | |
| | ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ७४९१२ | | ३ | स्थानीय पुर्वाधार खर्च | १५००००० |
| | घ) संचित कोष बैंक | २३१६६९८३ | | ४ | विविध खाता खर्च | ४२५१३८७ |
| | ङ) धरौटी कोष | १०१५१६१२ | | ५ | धरौटी फिर्ता | ६७८३०१६ |
| २ | राजस्व ( आन्तरिक आय) | | १०६९४५३०७ | ६ | सामाजिक सुरक्षा भत्ता खर्च | ११०४१५९०१ |
| | क) आन्तरिक राजस्व | २१६४७७७८ | | ७ | एकिकृत स्वास्थ्य पुर्वाधार खर्च | ३३४३८८५८ |
| | ख) राजस्व बाँडफाँड | ८५२९७५३० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३६१९१३५०० | ८ | प्रकोप व्यवस्थापन कोष मौज्दात | १६६६९१२ |
| | क) वित्तिय समानीकरण अनुदान | ९०७४२५०० | | ९ | संचित कोष बैंक मौज्दात | ५७१४११९६ |
| | ख) सशर्त अनुदान | २४३१७१००० | | १० | विविध खर्च खाता मौज्दात | १९६०५१४ |
| | ग) समपूरक अनुदान | १५०००००० | | ११ | धरौट मौज्दात | ११५१६८४० |
| | घ) विशेष अनुदान | १३०००००० | | १२ | विविध खर्च | १३९९१०७ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७५४२०००० | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ८५४०००० | | | | |
| | ख) सशर्त अनुदान | २८३८२००० | | | | |
| | ग) समपुरक अनुदान | २३४९८००० | | | | |
| | घ) विशेष अनुदान | १५०००००० | | | | |
| ५ | विभिन्न कोषतर्फको आय | | २२४९६०३ | | | |
| | क) विविध खर्च खाता | २२४९६०३ | | | | |
| ६ | एकिकृत स्वास्थ्य पुर्वाधार | ३३४३८८५८ | ३३४३८८५८ | | | |
| ७ | धरौटी आय | ८१४८२४४ | ८१४८२४४ | | | |
| ८ | स्थानिय पूर्वाधार | १५००००० | १५००००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | सामाजिक सुरक्षा | ११०४१५९०१ | ११०४१५९०१ | | | |
| १० | | | | | | |
| | जम्मा | | ७३७३८७२१८ | | जम्मा | ७३७३८७२१८ |

<u>**तुलना**</u>

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ४०२०१६७८.६६ | ५५२४६०५८६.३४ | ५१३२५७९९४.४४ | ८०३६६४६४.३९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३७३५५८०४ | ७०००३१४१४ | ६६५१०१७५६ | ७२२८५४६२ |
| फरक | २८४५८७५ | -६५९८२९७३५ | -६२४९०००७७ | -३२०८३७८३ |

२.४ **फरक जिम्मेवारी -**पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६३९५९१६७ मौज्दात रहेकोमा यो वर्ष रु.३७३५५८०४।४९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२६६०३३६२।५१ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।

२.५ **बढी जिम्मेवारी -**सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु २,०८,२६,३३८.६७ रहेकोमा यस वर्ष रु रु ४,०२,०१,६७८.६६ जिम्मेवारी सारेको छ । यसरी बढी जिम्मेवारी सारेको रु १९३७५३३९।९९ का सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.६ पालिकाले एकिकृत आयव्ययको व्ययतर्फ विविध खर्च रु १३९९१०७।०० जनाएको खर्चको यथार्थता नखुलेकोले पालिकाले यकिन गर्नुपर्ने देखिन्छ ।

२.७ **बैङ्क हिसाब विवरण -**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. |
|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ६५२२२१९८ | ५७१४११९५ |
| धरौटी खाता | ११५१६८४० | ११३६४१७१ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.८ **श्रेस्ता र बैंक तथा नगद बाँकि विवरण** -स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको अनुसुचि २४, बैंक तथा नगद बाँकि विवरण र श्रेस्तामा निम्नानुसार रकम फरक पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी यकिन गर्नुपर्दछ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| सानिमा बैंक लि. | ०६१०१००४००००००९ | ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० |
| सानिमा बैंक लि. | ०६१०१००४००००००१० | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० |
| सानिमा बैंक लि. | ०६१०१००४००००००४ | ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० |
| सानिमा बैंक लि. | ०६१०१००४००००००१२ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.५० | २,७५,८०,३१४.३७ |
| सानिमा बैंक लि. | ०६१०१००४००००००१३ | ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ०.०० | १,४४,७८,०३४.०० |
| सानिमा बैंक लि. | ०६१०१००४००००००२१ | ग २.७, विविध खर्च खाता | १९,६०,५१३.८३ | ०.०० |
| सानिमा बैंक लि. | ०६१०१००२०००००००६ | ग ३.१, स्थानीय तह धरौटी खाता | १,१५,१६,८४०.०० | ०.०० |
| सानिमा बैंक लि. | ०६१०१००२००००००२३ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ६,५२,२२,१९८.०६ | ५,७१,४१,१९५.७२ |
| सानिमा बैंक लि. | ०६१०१००४००००००८ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६,६६,९१२.०० | १६,६६,९१२.०० |
| | | जम्मा | ८,०३,६६,४६४.३९ | १०,०८,६६,४५६.०९ |

२.९ **कर दायित्व —**आयकर ऐन २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानिमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ त्यस्तै दफा ९०(४) अनुसार कट्टि भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन अनुसार वर्षान्तमा चालु प्रदेश सरकार अन्तर्गत विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर रु २२५० दाखिला गर्न देखिएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२५० |

३ **आन्तरीक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यून तम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम

ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडी भाडामा खर्च गर्ने गरेको छ । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण

अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

• विजुली महसुल समयमै नतिर्दा जरिवाना समेत थप खर्च भएको ।

• तलवी प्रतिवेदन पारीत नगरेको

• शिर्षक फरक पारी खर्च लेख्ने नगरेको

• खर्च लेखेको केहि गोश्वारा भौचर लेखा शाखामा नभई फाँटवालाले राख्ने गरेको

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले आन्तरिक नियन्त्रण निर्देशिका तयार नगरेकोले पालिकाको आन्तरिक नियन्त्रण प्रणाली तत्काल तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

४ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा आन्तरिक लेखापरीक्षकको पद पूर्ति भएता पनिपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा नगरी आर्थिक वर्षको अन्तमा मात्र गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ५ पालनाको लेखापरीक्षण

५.१ **आवधिक योजना**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

५.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित

वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५.४ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ५८ करोड ९६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

५.५ **बजेट अवण्डा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.६५,००,०००।०० अबण्डा बजेट व्यवस्था गरी २५ योजनामा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

५.६ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २३८ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | ५देखि २० लाख सम्मका योजना सङ्ख्या | ५लाख कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ८७ | १४ | ४२ | ३१ |
| २ | वडास्तरीय | १५१ | ० | २५ | १२६ |
| | जम्मा | २३८ | १४ | ६७ | १५७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५.७ **बर्षान्तमा रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार पालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा यस पालिकाले २०७९ आषाढमा आर्थिक वर्ष ०७९।८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस पालिकाको कार्यपालिकाको निर्णयवाट विभिन्न ५२ वटा योजनाको रु २ करोड २ लाख ९२ हजार रकमान्तर गरी खर्च गरेको र आ व २०८०।८१ को वजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पुर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत भएको देखिएन ।

६ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

८ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । पालिकाबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।अतः पालिकाले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

९ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायत अनुमानित जम्मा आन्तरिक राजस्व रु. १४,४२,४०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १०,६९,४५,३०७.३४ अर्थात अनुमान भन्दा २५ प्रतिशत कमि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१० **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४३७३३३५०० | २१६४७७७७।८० | ४.९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| अनुसूची ११ आन्तरिक राजस्व | | | |
|---|---|---|---|
| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | गतवर्ष प्राप्ती रु. |
| १ | २ | ३ | ४ |
| ११३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ० | ० | १०,००,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | ८८,००,०००.०० | ५६,३९,१९९.९८ | ८१,५२,४८०.८३ |
| ११३२१ वहाल कर | २,००,०००.०० | ० | १,००,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,०२,१४,०००.०० | ५,२६,५३,५१०.६९ | ५,९०,८४,०९६.४२ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | १,७०,७४,४४०.८४ | ५५,४९,०७२.४५ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,२९,२८,०००.०० | १,५५,६९,५७८.०० | १,८४,१४,३४७.७९ |
| ११६९१ अन्य कर | ० | ० | ४७,०१,४००.३८ |
| जम्मा कर राजस्व | ११,२१,४२,०००.०० | ९,०९,३६,७२९.५१ | ९,७०,०१,३९७.८७ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ० | ४,८६,९०४.८० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १०,००,०००.०० | ० | ० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ० | ० | ० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | ० | ८,२५,८२२.०० |

| | | | |
|---|---|---|---|
| १४२४२ नक्सापास दस्तुर | १०,००,०००.०० | ६४,०७३.०० | ० |
| १४२४३ सिफारिश दस्तुर | २५,००,०००.०० | ७,९४,३८३.०० | १०,००,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ८,००,०००.०० | १,४५,८५०.०० | ० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४,००,०००.०० | ० | ० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४,००,०००.०० | ० | ३,००,०००.०० |
| १४५२९ अन्य राजस्व | २,५५,९८,०००.०० | १,४८,४७,२७१.८३ | ० |
| १४६११ व्यवसाय कर | ४,००,०००.०० | १,५७,०००.०० | ० |
| जम्मा गैर कर राजस्व | ३,२०,९८,०००.०० | १,६०,०८,५७७.८३ | २६,१२,७२६.८० |
| जम्मा आन्तरिक राजस्व | १४,४२,४०,०००.०० | १०,६९,४५,३०७.३४ | ९,९६,१४,१२४.६७ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१२ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क तथा रोयल्टि वापत कर सङ्कलन शुन्य रहेको छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरभित्र ल्याई आन्तरीक राजस्व संकलन मा जोड दिनुपर्दछ ।

१३ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र

निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१४ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक/त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

१५ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१९ करोड ११ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५२९४७००० | ३७६८८२६५ | ८ |
| २ | पूर्वाधार विकास | १८७३९१९८२ | १५०१९१९६७ | ३० |
| ३ | सामाजिक विकास | २६६७९४००० | २३१८८०९१२ | ४६ |
| ४ | बातावरण तथा विकास | ० | ० | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२८१२००० | ११३०६४८७ | २ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९३७७८००० | ७११५८२०९ | १४ |
| जम्मा | | ६१३७२२९८२ | ५०२२२५८४० | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा २ प्रतिशत रहेको छ ।

१७ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.२१६४७७७८ राजस्व बाँडफाँड र

अनुदानबाट रु.५२२६३१०३० समेत रु. ७०००३१४१४ आम्दानी भएकोमा चालु तर्फ रु.३१६२६३२२४ र पूँजिगत तर्फ रु.१९१०५०२६३ र वित्तीय ब्यबस्था तर्फ रु.१५७७८८२६९ समेत रु.६६५१०१७५६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.२५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६४९०००० खर्च भएको छ जुन आन्तरिक आयमा २९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४८ प्रतिशत चालु र २९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१८ **स्थानीय तहका पदाधिकारी सुविधा -** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार बाग्मती प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस बर्ष पदाधिकारीको सुबिधामा कुल रु. ६४ लाख ९० हजार खर्च लेखेको देखिन्छ ।

| सि.नं | विवरण | प्रमुख/ | उपप्रमुख/ | वडाअध्यक्ष ८ जना | कार्यपालिका सदस्य ६ | सभाका सदस्य २८ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | | | | |
| १ | बैठक भत्ता | १४००० | १४००० | २८८००० | ९०००० | ३३६००० | ७४२००० |
| २ | यातायात खर्च | ० | ० | ० | १८०००० | ६७२००० | ८५२००० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | १९२००० | १०८००० | ३३६००० | ७०८००० |
| ४ | समन्वय तथा सहजीकरण | १२०००० | १२०००० | ६७२००० | १४४००० | ० | १०५६००० |
| ५ | अतिथि सत्कार | १०८००० | ६०००० | ३८४००० | १४४००० | ५०४००० | १२००००० |
| ६ | खाजा खर्च | ६०००० | ६०००० | २८८००० | १०८००० | ५०४००० | १०२०००० |
| ७ | पुस्तक,पत्रीका | २४००० | २४००० | ९६००० | ७२००० | ३३६००० | ५५२००० |
| ८ | खानेपानी/बिजुली/ | ३०००० | ३०००० | ९६००० | ३६००० | १६८००० | ३६०००० |
| जम्मा | | ३९२००० | ३४४००० | २०१६००० | ८८२००० | २८५६००० | ६४९०००० |

१९ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु हजारमा | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | १८५९६३ | १२७८९ | १६५२२ | १६२६८० | ७३२७३ |
| प्रतिशत | | ६ | ८ | ८७ | ४० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगत खर्चतर्फ वार्षिक रु.१८५९६२६१७।०० निकासा भएकोमा प्रथम चौमासिकमा ६ प्रतिशत, दोस्रो चौमासिकमा ८ प्रतिशत र तेस्रो चौमासिकमा ८७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ४० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२० **शिक्षक दरबन्दी र पदपूर्ति -** आ व २०७९।८० मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ :

| विद्यालयको संख्या | दरबन्दी | स्थायी पदपूर्ति | दरबन्दी मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| ४७ | २१६ | १३५ | ८१ | ० | ३७५७ | १७.३९ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:१७ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

२१ **प्रति विद्यार्थी लागत -** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | १८९८७७००० | १७३५३७००० | ३७५७ | ५३२०१ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बालविकास देखि कक्षा १२ सम्मको प्रति विद्यार्थी लागत रु ५३,२०१/- रहेको देखिन्छ ।

२२ **सेनेटरी प्याड व्यवस्थापन -** सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले

छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाइ सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।

पालिकाले यस आ व मा १७ विद्यालयका कक्षा ६ देखि १२ सम्मका १०५२ जना छात्राका लागि ११००० प्याकेट सेनेटरी प्याड खरिद गरी ओसन सर्जिकल ट्रेड कन्सर्न प्रा लिलाइ रु ९३२,२५०।— (मू अ कर सहित) भुक्तानी गरेको छ । जसमध्ये ५०० प्याकेट विद्यालयलाइ वितरण गरी १०५०० प्याकेट मौज्दातमा रहेको देखिएकोले कार्यक्रमको उद्धेश्य अनुरुप समयमै वितरण हुनुपर्दछ ।

२३ **तलवी प्रतिवेदन -** बागमती प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा ईकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानि गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । यस आवमा पालिकाले स्वास्थ्य तर्फका ५२ जना कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु २७५९२००० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाई भुक्तानि गरेको तलब, भत्ता र ग्रेड रकम यकिन गर्न सकिएन ।

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाइ न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाइ प्राथमिकीकरण गरीः प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराइ रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो । यस आ वमा पालिका अन्तर्गतका ८ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| क सं | कार्यक्रम | संख्या | खर्च रकम रु |
|---|---|---|---|
| १ | सडक/ गोरेटो | १० | २१, ३१ , ४६८ . ०९ |
| २ | उर्जा सिँचाइ | ११ | ११, ३८ , ३२६ |
| ३ | पर्यटन | १ | ४८,९३४.४२ |
| जम्मा रु | | | ३३, १८ ,७२८ . ५१ |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ वमा रु ५७,००,००० रकम व्यवस्था भएकोमा रु ५१,८१,९५४ करिब ९१ प्रतिशत खर्च भएको देखिन्छ ।यस मध्ये रु ३३,१८,७२९ श्रमिकको ज्यालामा उपभोक्ता समिति मार्फत खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ३६९ जना मध्ये यस वर्ष ७२ जनालाइ जम्मा ४९०९ दिन रोजगारी प्रदान गरेको देखिन्छ ।निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

२५ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १९१८००० खर्च गरेको विवरण पेश गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२६ **डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| डि.पी.आर योजनाको नाम | फर्म | भुक्तानि रकम | योजनाको ल.ई. |
|---|---|---|---|
| ल्याण्ड युज क्लासिफिकेशन एण्ड जोनेशन अफ शिवपुरी गाऊपालिका | गंगा ईन्जिनियरिङ्ग एण्ड डिजाईनिङ्ग कन्सल्टेन्सी प्रा.लि | १४९९०५८ | खरिद गर्ने कार्य नभई प्लानिंग को काम भएकाले लागत नहुने |
| आइतराम पाटी-पुडि भन्जयाङ्ग सिक्रे मैदान छाप सडक शिवपुरी को डि.पि.आर र आ.ई.ई शिवपुरी नुवाकोट (चेनेजः 0+00 to 8+428 कि.मि.) | लिओनार्दो डिजाईनिङ्ग कन्सल्टेन्सी प्रा.लि. बालाजु १६ | ९८६१७२ | ३४७०३१७५६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । यस्ता डिपिआर पालिकाकै जनशक्तिवाट गराउनेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले कुन कुन योजना कार्यान्वयनमा लैजान सकिन्छ सो को पर्याप्त विश्लेषण गरि त्यस्ता योजनाहरु मात्र छनोट गरिनुपर्दछ ।

२७ **जनसहभागिता ५० प्रतिशत समपुरक -** पालिकाले आर्थिक वर्ष २०७९।८० को पारित निती तथा कार्यक्रम र बजेट को खण्ड ४, बुँदा नं २.१ को सि नं २०० मा जनसहभागिता समपुरकवाट नगद जनसहभागिता वापत रु १५००००० विनियोजन गरी बजेट पारित भएकोमा सो योजना तथा कार्यक्रमको पुर्ण कार्यान्वयन भएको पाईएन । सो मध्ये स्थानिय समपुरक कोष ५० प्रतिशत सहभागिता को रु १४१५२० भुक्तानीमा नगद सहभागिता भएको पाईएन । नगद साझेदारीका योजनामा उपभोक्ताको नगद सहभागिताका सम्वन्धमा अनुगमन तथा कार्यसम्पन्न भए नभएको वारे आश्वस्त हुनुपर्दछ ।

२८ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२९ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३० **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको

मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो अद्यावधिक गरेको पाइएन । PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३१ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ४ वटा नियमावली, ३० कार्यविधि लगायत ५० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

३२ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी शुन्य र यो वर्ष थप भएको १५ गरी कुल १५ विवाद दर्ता भएकोमा १३ वटा मात्र फस्यौंट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन

संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित २८ पदहरु रिक्त रहेका छन् । यसमध्ये जम्मा ८ वटा वडा मध्ये २ वडा सचिव मात्र पदपुर्ति भई ६ वडा दरवन्दि अनुसारको वडा सचिव विहिन रहेको छ ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३४ **कर विजक** - मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ र दफा १४ (क) तथा आन्तरिक राजस्व विभागको कर प्रणाली सुधार शाखाको मिति २०७८।३।३१ को परिपत्र अनुसार कर विजकको सिलसिलेवार नम्वर हुनुपर्ने व्यवस्था गरेको छ भने कर विजक केरमेट गर्न मिल्ने देखिदैन । पालिकाले सालिक व्यवस्थापन तथा भवनको फल्स सिलिङ्गको लागी कोटेशन मार्फत् काम गराएकोमा गणपति कनस्ट्रक्सन लाई जम्मा रु ४८९९७० भुक्तानी दिएकोमा फोटकपि विल पेश भएको र सो विलमा विजक समेत सच्याई ०३।०७९।६।९ (३०१४०९२५२) मार्फत् रु ४८९९७० को भुक्तानीमा मु अ कर रु ५६३६८ भुक्तानी भएकोले सो को सक्कल कर विजक र मु अ कर समायोजन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५६,३६८ |

३५ **पेश्कि** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.५८९००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद ननाघेको पेश्कि रु ५४९००० र म्याद नाघेको पेश्की रु.४०००० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु

| शीर्षक | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|
| कर्मचारी | ०.०० | ४०,०००.०० | ४०,०००.०० |
| उपभोक्ता समिति | ५,४९,०००.०० | ०.०० | ५,४९,०००.०० |
| जम्मा | ५,४९,०००.०० | ४०,०००.०० | ५,८९,०००.०० |

| | |
|---|---|
| पेश्की | ४०,००० |

३६ **प्रशिक्षण कार्यक्रममा बढी भुक्तानी** - पालिकाले अपाङ्ग मानवअधिकार मञ्च संग कार्यक्रम सञ्चालनको सम्झौता गर्दा सम्झौताको बुँदा नं ४ मा उक्त कार्यक्रमको रकम खर्च गर्दा अर्थमन्त्रालयको मापदण्डअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका २०७७ को नियम ७.१.१५ मा सि नं ४ मा तालिम केन्द्र वाहेक अन्य सवै प्रकारका तालिमका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिकमा सहायकस्तर/अन्य तालिममा गाँउपालिकास्तर कक्षा सञ्चालन बापत रु ६०० र कार्यपत्र वापत ७०० लिन पाउने उल्लेख छ साथै एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेट तथा कार्यपत्र भन्नाले कम्तिमा ७५० शव्दको प्रवन्ध सम्झनुपर्ने उल्लेख छ । प्रदेश चालु गो गो भौ नं २३ मिति २०८०/३/१५ मा पालिकाको सभाहलमा अपाङ्गता भएका व्यक्तिहरुलाइ पालिकाको सभाहलमा भएको विभिन्न सामान वितरण भएको कार्यक्रमको अनुगमन तथा प्रशिक्षण बापत देहायका व्यक्तिहरुले प्रशिक्षण तथा अनुगमन वापत वुझेको भत्ता रकम असुल गर्नुपर्ने रु

| नाम | प्रशिक्षण संख्या | प्रति प्रशिक्षण भत्ता | वढी वुझेको | वुझेको रकम |
|---|---|---|---|---|
| गणेश के सी | १ | ४००० | २७०० | २२९५ |
| पवित्रराज विष्ट | १ | ४००० | २७०० | २२९५ |
| लोचन भट्टराइ | १ | ४००० | २७०० | २२९५ |
| जम्मा | | | | ६८८५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,८८५ |

३७ **पालिकामा भएको कार्यक्रमको अनुगमन भत्ता** -

**.............. (प्रारम्भिक प्रतिवेदनउपर अजुगमन भत्ता दाखिला भएको प्रमाण पेशका आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु.२५५० सम्परीक्षण गरिएको ।)**

३८ **बढि दरमा बैठक भत्ता** - स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ मा स्थानीय तहमा कार्यरत पदाधिकारीहरुले प्रति बैठक रु. १००० का दरले बैठक भत्ता प्राप्त गर्ने व्यवस्था रहेको छ ।पालिकामा प्रमुखको अध्यक्षतामा देहायको समितिको बैठक बसि रु. १५०० का दरले भत्ता बुझेको पाईयो ।यसरी बढि भुक्तानि भएको बैठक भत्ता रकम सम्बन्धितबाट असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| भौ. नं . र मिति र कार्यक्रमको नाम | पदाधिकारी, कर्मचारीको नामथर | बैठक संख्या | दिएको भत्ता रकम | दिनुपर्ने भत्ता रकम | बढि भत्ता रकम ( करकट्टि |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सहित ) |
| ५०४।०८०।३।९(कृषि विकास समन्वय समिति ) | कृषि विज्ञ श्री रामप्रसाद पुडासैनी | ४ | ६००० | ४००० | १७०० |

**(प्रारम्भिक प्रतिवेदनउपर १२ जना विभिन्न व्यक्तिले बढि भुक्तानि लिएको भत्ता रकम दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु. १३६०० सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०० |

३९ **शुन्य दरबन्दि शिक्षक सहयोग अनुदान -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ। पालिकाले भौ.नं. र मिति ३७५।०७९।१२।२६ मार्फत शुन्य दरबन्दि भएका तथा कम दरबन्दि भएका विद्यालयहरुलाई शिक्षक सहयोग अनुदान खर्च शिर्षकबाट देहायका विद्यालयहरुलाई अनुदान सहयोग उपलब्ध गराएकोमा सम्बन्धित विद्यालयहरुबाट शुन्य दरबन्दि तथा कम दरबन्दि भएको कोटामा शिक्षक नियूक्ति गरेको प्रमाण पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| विद्यालयको नाम | अनुदान रकम |
|---|---|
| श्री मङ्गला आ. वि .शिवपुरी३ | १५०००० |
| श्री चापबोटे आ. वि .शिवपुरी २ | १५०००० |
| श्री महेन्द्र आ. वि .शिवपुरी ८ | ७०००० |
| श्री जेब्राङ्ग आ. वि .शिवपुरी ५ | ५०००० |
| श्री ज्वालामुखिआ . वि .शिवपुरी १ | ४०००० |
| श्री शान्तिबुद्ध आ. वि .शिवपुरी २ | ४०००० |
| जम्मा | ५००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

४० **अनुगमन भत्ता -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकत्तम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको

आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । भौ.नं. र मिति ५४५।०८०।३।१६ मार्फत पालिका क्षेत्रमा आ.व. ०७९।०८० मा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरेवापत विभिन्न पदाधिकारी तथा कर्मचारीको अनुगमन खर्च लेखेको छ । यस प्रकारको अनुगमनका लागि भत्ता भुक्तानि गर्न मिल्ने आधार नदेखिएकोले सो भुक्तानि गर्न मिल्ने आधार पेश गर्ने अन्यथा सम्बन्धितहरुबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| अनुगमन भत्ता बुझ्नेको नाम | अनुगमन संख्या | भत्तारकम | भत्ता रकम ( १५ % कर कट्टि पश्चात ) |
|---|---|---|---|
| ५४५।०८०।३।१६ | | | |
| वडाअध्यक्ष ७ श्री वीर बहादुर तामाङ | २ | ३००० | २५५० |
| सव ईन्जिनियर श्री गोकुल देव जोशि | १० | १५००० | १२७५० |
| सव ईन्जिनियर श्री सुमन सिटौला | २ | ३००० | २५५० |
| रोजगार सहायक श्री शरण तामाङ | १० | १५००० | १२७५० |
| | | ३६००० | ३०६०० |

**(प्रारम्भिक प्रतिवेदनउपर १३ विभिन्न व्यक्ति तथा पदाधिकारीले भुक्तानि लिएको अनुगमन भत्ता रकम दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु. ५४८२५ सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,६०० |

४१ **आर्थिक सहायता -** पालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम न्यून आर्थिक अवस्था, जटिल तथा दिर्घरोग क्यान्सर, मृगौला रोग, मुटुरोग र अन्य घातक रोग लागेका विरामि तथा भुकम्प, बाढि, पहिरो, आगलागि माहामारीबाट पिडित व्यक्तिलाई वडा कार्यालयको सिफारिशको आधारमा औषधि उपचारको विल भर्पाई हेरी रु.१०००० देखि रु.१००००० सम्म औषधि उपचार खर्च उपलब्ध गराउन सकिने उल्लेख छ । विभिन्न भौचर र मितिमा घर, गोठको छानो उडाएको , भिरबाट लडेर घाइते भएको, आगलागिबाट क्षति भएको, गाडि दुर्घटनामा परी मृत्यू भएको, करेन्ट लागेर घाइते भएको तथा विभिन्न क्लब तथा संघको आर्थिक सहायता लगायत विषयमा निवेदन पेश भई वडाको सिफारिस तथा पालिका प्रमुखको तोक आदेशका आधारमा यस आ.व.मा आर्थिक सहायता शिर्षकमा रु.१४७३२७७ खर्च भएको देखियो । पालिकाले कार्यविधि बमोजिम आर्थिक सहायता अनुदान सहयोग गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

४२ **एकल पुरुष भत्ता -** पालिकाले एकल पुरुष भत्ता वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम ६०

वर्ष माथिका एकल पुरुषलाई यस आ.व. मा कूल रु.१४९८००० भुक्तानि गरेको छ । आन्तरीक स्रोत तथा राजश्वका भरपर्दो र पर्याप्त स्रोत नभएको अवस्थामा यस्ता प्रकारका अनुत्पादक लोकप्रिय र वितरणमुखी कार्यक्रममा खर्च गर्दा पालिकालाई थप आर्थिक भार पर्ने भएकाले यस्ता प्रकृतिका खर्च नियन्त्रण गर्नुपर्दछ ।

४३ **कोभिड कोष -** पालिकाले भौन र मिति ५४९।०८०।३।१६ मार्फत सि.अहेव श्री उद्धव कार्किलाई कोभिड कोष खर्च शिर्षकबाट रु. ४२३०० भुक्तानि दिएकोमा निजले पेश गरेको विल भर्पाई परीक्षण गर्दा मिति ०८०।२।६ र मिति ०८०।२।१० गते २ पटक बोलोरो गाडिबाट खाली अक्सिजन सिलिण्डर भर्न भनि गाडि चालक वसन्त गौत्तमको रु. २२००० भर्पाई पेश भएको र आव ०७७।०७८ को विभिन्न विल पेश गरी रु.२०३०० सोधभर्ना भुक्तानि लिएको देखियो । पालिकाले भुक्तानि दिन बाँकिको कच्चावारीमा सो विवरण संलग्न भएको नदेखिएकोले गत आ.व. को उक्त रकम भुक्तानि दिएको नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | २०,३०० |

४४ **नर्म्स विपरीत भुक्तानि -** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७.१.१५ सि.नं. ४ अनुसार सबै प्रकारका सिप, विकास, तालिम, गोष्ठि, सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत गाँउपालिका स्तरमा रु. ६०० र कार्यपत्र वापत रु.७०० पाउने तथा अधिकृत स्तरको तालिममा गाँउपालिका स्तरमा कार्यपत्र वापत रु.१००० र कक्षा संचालन वापत रु.४०० तथा सम्बन्धित निकायले सञ्चालन गरेको तालिममा सोहि निकायको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिएवापतको पारिश्रमिक नपाउने तर कार्य पत्रको रकम मात्र पाउने उल्लेख छ ।यस पालिकाबाट निम्नअनुसारका विभिन्न तालिम सञ्चालन गर्दा नर्म्स विपरीत बढि भुक्तानि गरेको देखिएकोले उक्त बढि रकम असूल गर्नुपर्ने रु.

| भौन र मिति | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | कक्षा संख्या | दिएको रकम | दिनु पर्ने | बढि ( कर कट्टि पश्चात ) |
|---|---|---|---|---|---|---|
| ३९९।०८०।१।८ | पदाधिकारी क्षमता अभिवृद्धि कार्यक्रम ३ दिने | बाह्य प्रशिक्षक श्री योगराज गाँउले थपलिया | ८ | २७२०० | ११२०० | १३६०० |
| | | बाह्य प्र.श्री सुमित्रा अधिकारी | ७ | २३८०० | ९८०० | ११९०० |
| ५२९।०८०।३।१५ | नव आगन्तुक | बाह्य प्र.रमिला | २० | ४२००० | २८००० | ११९०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मेलमिलापकर्ताहरुका लागि मेलमिलाप सम्बन्धि आधारभूत तालिम ८ दिने | कु होमगाई | | | | |
| | | बाह्य प्र.सृजना तामाङ | १९ | ३९९०० | २६६०० | ११३०५ |
| | | बाह्य प्र. मा .जिल्ला न्यायधीश श्री मदन बहादुर धामि | १ | २१०० | १४०० | ५९५ |
| | | बाह्य प्र.श्री टेकराज भुसाल | १ | २१०० | १४०० | ५९५ |
| | | बाह्य प्र.श्री नवदिप श्रेष्ठ | १ | २१०० | १४०० | ५९५ |
| | | बाह्य प्र.श्री उत्तम घिमिरे | १ | २१०० | १४०० | ५९५ |
| | | जम्मा | | | | ५१०८५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,०८५ |

४५ **शिर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ बमोजिम खर्च गर्दा स्विकृत बजेट तथा सम्बन्धित शिर्षकबाट गर्नुपर्ने उल्लेख छ ।पालिकाले देहायका खर्च, शिर्षक फरक पारी गरेको खर्च नियमसम्मत नभएको रु.

| भौ. नं .र मिति | खर्च शिर्षक | हुनुपर्ने खर्च शिर्षक | भुक्तानि रकम | कैफियत |
|---|---|---|---|---|
| ३८०।०७९।१२।२८ | मसलन्द तथा कार्यालय सामाग्री | परामर्श सेवा शुल्क | ११५५० | ज्यालादारीको पारिश्रमिक भुक्तानि भएको |
| ५०६।०८०।३।९ | मसलन्द तथा कार्यालय सामाग्री | ईन्धन खर्च | ४६७५५ | ईन्धन खर्च भुक्तानि गरेको |
| ५१६।०८०।३।११ | मसलन्द तथा | मर्मत सम्भार | ३६००० | सवारी मर्मत |

| | | | | |
|---|---|---|---|---|
| | कार्यालय सामाग्री | खर्च | | भुक्तानि गरेको |
| ५३५।०८०।३।१५ | आधारभुत हस्पिटल कर्मचारी तलब सुविधा लगायत संचालन खर्च | स्थायि कर्मचारी पारिश्रमिक कर्मचारी | ६६७१३३ | पालिकाको स्थायि १४ जना कर्मचारीको अषाढ महिनाको तलब भत्ता भुक्तानि भएको |
| ५४०।०८०।३।१५ | करार सेवा कर्मचारी पारिश्रमिक | स्थायि कर्मचारी पारिश्रमिक कर्मचारी | ९६४८३ | स्थायि कर्मचारीको अषाढको तलब भुक्तानि |
| | | जम्मा | ८५७९२१ | |

| | |
|---|---|
| अनियमित भएको | ८,५७,९२१ |

४६ **लागत सहभागिता नरहेको -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ मा प्रविधि हस्तान्तरण गर्दा कार्यालयको ८०% सम्म र लाभग्राहीको २०% सम्म सहभागिता हुनुपर्ने व्यवस्था छ ।तर पालिकाले लघु उद्यम विकास कार्यक्रम अन्तर्गत देहाय बमोजिमका विभिन्न ३ वटा समूहलाइ सामाग्रीहरु वितरण गरेको छ । सहभागीलाइ यसरी प्रविधि हस्तान्तरण गर्दा सहभागीको अंश २०% हुनुपर्नेमा १००% खर्च पालिकाले नै व्यहोरेको पाइएकोले लागतको २०% सहभागिता रकम सम्बन्धित समूहबाट देहाय बमोजिम असुल गर्नुपर्ने रु.

| गो भौ नं | लाभग्राही समूहको नाम | विवरण | आपूर्तकको नाम | रकम रु | सहभागिता हुनुपर्ने २०%रकम रु |
|---|---|---|---|---|---|
| १८८।०८०।३।१९ | जालपादेवी लघुउद्यमी समूह | सिलाइ मेसिन, कैंची, जेड लक | ज्याक सेविङ मेसिन सेन्टर | ३६,३०० | ७,२६० |

**(प्रारम्भिक प्रतिवेदनउपर तलाखु लघुउद्यमी समूहले दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु. ४९२२५ सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२६० |

४७ **बढी तलब भुक्तानी -** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा प्रकाशित सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन वित्तीय मार्गदर्शन, २०७९ मा एक रिटर्नी स्वयंसेवकलाइ प्रति महिना (जीवन निर्वाह भत्ता तथा पर्व खर्च) रु १५,००० का दरले १३ महिना बराबरको कुल रु १९५,००० खर्च गर्न सकिने व्यवस्था रहेको छ । तर, पालिकाले ३ जना रिटर्नी स्वयंसेवकलाइ नियम विपरीत प्रति महिना रु १५,५२५ भुक्तानी दिएको छ । यसरी प्रति महिना रु ५२५ बढी भुक्तानी हुन गएकाले सम्बन्धितबाट देहाय बमोजिमको रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु

| क सं | रिटर्नी स्वयंसेवकको नाम | अवधि | रकम रु |
|---|---|---|---|
| १ | श्री नारायण खतिवडा | १३ महिना | ६,८२५ |
| २ | श्री केशव पोखरेल | १३ महिना | ६,८२५ |
| ३ | श्री अजय लामा | १३ महिना | ६,८२५ |
| जम्मा रु | | | २०,४७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,४७५ |

४८ **अनुगमन भत्ता -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा पदाधिकारी, सदस्य तथा सभाका सदस्यका लागि कुनै पनि सुविधा निर्धारण गर्दा यस ऐनले तोकिदिएका सुविधालाइ अधिकतम सुविधा मानेर सम्बन्धित सभाले आफ्नो अधिकार क्षेत्रभित्रका आर्थिक श्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ ।

साथै अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्यसञ्चालन निर्देशिका २०७७ को बुँदा नं ७.१.५ मा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनुपर्ने र बढीमा ३ जनाको टोली खटाउनुपर्ने व्यवस्था रहेको छ । निर्देशिकामा कुनै पनि कार्यक्रम एंव आयोजनाको अनुगमन गरेबापत भत्ता भुक्तानी हुने भनि उल्लेख नभएको पाइयो । तर, पालिका अन्तर्गतका पदाधिकारी तथा कर्मचारीहरुले देहायका भौचरबाट संघीय सशर्त तर्फका कार्यक्रमहरुमा सहभागी भइ ऐन तथा निर्देशिकाले तोकेका बाहेकको अनुगमन भत्ता सुविधा बुझेको पाइयो । यसरी भत्ता भुक्तानी भएकाले सम्बन्धितबाट सो रकम असुल गर्नुपर्ने रु.

| गो भौ नं | कार्यक्रमको नाम | अनुगमन संख्या | अनुगमनकर्ताको नाम | दर | कर कट्टिपछि कुल रकम रु |
|---|---|---|---|---|---|
| २१६।०८०।३।२३ | नियमित खोप | ६ | वडाध्यक्ष श्री | १२०० | ७,५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता रु दीगोपनाको लागि सुक्ष्म योजना अद्यावधिक २ दिन र सरसफाइ प्रवर्द्धनका लागि १ दिन | | केशव प्रसाद रिजाल | | |
| १९५।०८०।३।२० | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम :मिक्स अचार तथा बेमौसमी तरकारी तालिम | १ | वडाध्यक्ष श्री बिर बहादुर तामाङ | १५०० | १२७५ |
| | | १ | श्री सिद्धान्तराज उप्रेती | १५०० | १२७५ |
| ७५।०८०।१।५ | पोषण कार्यक्रम अनुगमन | ८ | श्री उद्धव कार्की | १६०० | १०००० |
| कुल रु | | | | | २००५० |

**(प्रारम्भिक प्रतिवेदनउपर ८ जनाको अनुगमन भत्ता दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु. १८२२५ सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,०५० |

४९ **गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ मा प्रविधि हस्तान्तरण गर्दा कार्यालयको ८०% सम्म र लाभग्राहीको २०% सम्म सहभागिता हुनुपर्ने व्यवस्था छ ।तर, पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सीप विकास तालिमका लागि खरिद गरिएका देहाय बमोजिमका सामाग्रीहरु कार्यक्रम सम्पन्न भइसके पश्चात पनि लघु उद्यमी समूहहरुलाइ वितरण नगरी मौज्दातमा नै रहेको पाइएकोले उल्लिखित रु २०८,५८१ बराबरको सामाग्रीहरु कार्यक्रमको उद्धेश्य अनुरुप वितरण गरी भरपाइ पेश गर्नुपर्ने र २० प्रतिशतले हुन आउने सहभागिता रकम रु ४१,७१६ संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गो भौ नं | विवरण | आपूर्तक | रकम रु |
|---|---|---|---|
| १९०।०८०।३।१९ | २१ पिस प्लाष्टिक सिल्पोलियन | पि एच ट्रेड सेन्टर | १२६,००६ |
| १९५।०८०।३।२० | ५ पिस सिलाइ मेसिन, ५ पिस स्टयाण्ड पत्र | आलम सिलाइ मेसिन सेन्टर | ८२,५७५ |
| जम्मा रु | | | २, ०८ , ५८१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०८,५८१ |

५० **आलेप तर्फ -** योगदानमा आधारित निवृत्तिभरण ऐनमा भएको व्यवस्था बमोजिम २०७६ श्रावण पछि नियूक्त भएका कर्मचारीलाई योगदानमा आधारित निवृत्तिभरण कार्यक्रममा समावेश गर्नुपर्ने व्यवस्था छ । पालिकामा २०७६ श्रावण पछि विभिन्न पदमा स्थायि पदपूर्ति भएको देखिएकोमा निजहरुलाई योगदानमा आधारित निवृत्तिभरण कार्यक्रममा समावेश गरेको पाईएन । तसर्थ कानूनको पूर्ण परिपालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५१ **कक्षा ८ को परीक्षा व्यवस्थापन -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.५१ अन्तर्गत कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मूल्यांकन शीर्षकमा प्रति विद्यार्थी वार्षिक रु २७५ का दरले खर्च गर्न सकिने र बजेट अपुग भएमा स्थानीय तहबाट थप बजेटको व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको छ । तर, पालिकाले सशर्त तर्फको बजेटबाट इमिसको तथ्यांक बमोजिम पालिका अन्तर्गतका विद्यालयमा रहेका कक्षा ८ का कुल ३०४ जना विद्यार्थीको परीक्षा व्यवस्थापनका लागि रु ८३,६०० खर्च गर्नुपर्नेमा परीक्षा व्यवस्थापनका लागि खटिएका ३० जना पदाधिकारी तथा कर्मचारीको लागि जम्मा रु १,२९,६९५ खर्च गरेको छ । यसरी स्वीकृत बजेटभन्दा बढी खर्च भइ भुक्तानी भएको रकम रु ४६,०९५ कार्यालयले यकिन गरी सम्बन्धित शिक्षा शाखा प्रमूख श्री राम प्रसाद अधिकारी सहित २७ जना कर्मचारी एवं पदाधिकारीबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,०९५ |

५२ **प्रशिक्षक स्टेशनरी -** अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्यसञ्चालन निर्देशिका २०७७ को बुँदा नं ७.१.१५ मा कुनै पनि गोष्ठी, सेमिनार, सम्मेलन,कार्यशालामा गाउँपालिका स्तरमा प्रशिक्षण कार्यका लागि प्रति कार्यक्रम रु १०००। सम्म खर्च गर्न सकिने व्यवस्था रहेको छ । तर, पालिकाका देहाय बमोजिमका गो भौ नं बाट विभिन्न कार्यक्रममा प्रशिक्षण कार्यका लागि उल्लिखित दरभन्दा बढी दरमा खर्च गरेको पाइयो । पालिकाले निम्नानुसारको वार्षिक कार्यक्रम अनुसार सबै वडामा फरक फरक समयमा सो कार्यक्रम

सञ्चालन गरेकाले बढी खर्च हुन गएको जनाएको छ । सो कार्यक्रम कुन कुन मिति र स्थानमा सञ्चालन गर्ने प्रस्ताव र प्रस्ताव अनुसार सञ्चालन भएको प्रमाणित खर्च विवरण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो भौ नं | कार्यक्रम | विवरण | खर्चको सीमा रु | खर्च भएको रकम रु | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|
| १३।०७९।७।१८ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेसन एंव गुणस्तर सुधार साथै अर्धवार्षिक एंव वार्षिक समीक्षा | प्रशिक्षक स्टेशनरी | १००० | ६५०० | ५५०० |
| ८३।०८०।१।१९ | मातृ तथा नवशिशु कार्यक्रम | प्रशिक्षक स्टेशनरी | १००० | १३५०० | १२५०० |
| १९९।०८०।३।२० | सि बी आइ एम एन सि आइ कार्यक्रम | प्रशिक्षक स्टेशनरी | १००० | २१००० | २०००० |
| १३८।०८०।३।४ | कोभिड १९ को भ्याक्सिनको डिजिटाइजेसन तथा क्यू आर कोड प्रमाणीकरण | प्रशिक्षक स्टेशनरी र सञ्चार खर्च | १००० | ४५०० | ३५०० |
| जम्मा रु | | | | | ४१५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४१,५०० |

५३ **सहभागी भत्ता -** अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्यसञ्चालन निर्देशिका, २०७७ मा कुनै पनि तालिम, गोष्ठी वा कार्यशालाका सहभागीहरुलाइ सहभागी भत्ता उपलब्ध गराउँदा जिल्लाभित्रका सहभागीहरुलाइ रु७०० का दरले उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । तर, पालिकाले देहायका भौचरबाट नर्म्समा तोकेभन्दा बढी सहभागी भत्ता भुक्तानी दिएको पाईयो । यसरी नर्म्समा तोकेभन्दा बढी दरमा भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो भौ नं | कार्यक्रमको नाम | सहभागी संख्या | दिन | भुक्तानी भएको दर रु | बढी भुक्तानी कर कट्टि पछि रु |
|---|---|---|---|---|---|
| १३।०७९।७।१८ | स्वास्थ्य कार्यक्रमहरुको | ६ | २ | १००० | ३०६० |

| | | | | | |
|---|---|---|---|---|---|
| | अर्धवार्षिक एंव वार्षिक समीक्षा | | | | |
| २९।०७९।९।२० | बृहत पोषण कार्यक्रम | ७ | २ | १००० | ३५७० |
| ३०।०७९।९।२० | पोषण कार्यक्रम | ६ | २ | १००० | ३०६० |
| ४७।०७९।११।१५ | संस्थागत क्षमता विकास | २३ | ३ | १००० | १७५९५ |
| ५९।०७९।१२।१३ | पोषण कार्यक्रम | ९ | ७ | १००० | १६०६५ |
| ६०।०७९।१२।१३ | सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा अभिमूखीकरण कार्यक्रम | ३२ | १ | १५०० | २१७६० |
| ८३।०८०।१।१९ | आमा सुरक्षा कार्यक्रम | ७ | २ | १००० | ३५७० |
| १११।०८०।२।२२ | संस्थागत क्षमता विकास | ४० | १ | १००० | १०२०० |
| जम्मा रु | | | | | ७८,८८० |
| | | | | असुल गर्नुपर्ने | ७८,८८० |

५४ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५५ **प्रगति प्रतिवेदन -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाइ सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन स्वरुप अनुदान निकासा पश्चात अनुदान प्राप्त गर्ने विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक प्रतिवेदन स्थानीय तह तथा मानव स्रोत विकास

केन्द्रमा नियमित रुपमा पठाउनुपर्ने व्यवस्था रहेको छ । तर, उल्लिखित शीर्षकमा रकम निकासा पश्चात देहायको विद्यालयले प्रगति प्रतिवेदन पेश गरेको पाइएन । सम्बन्धित विद्यालयले उक्त रकम बराबरको कार्य सम्पादन गरेको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने रु

| गो भौ नं | विद्यालयको नाम | रकम रु |
|---|---|---|
| १९३।०८०।३।२० | श्री जानकी मा वि | २००,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

५६ **भेरिएसन आदेश नभएको -** सार्वजनिक खरिद ऐन २०६३ को नियम ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनका क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण सहित भेरिएसन जारी गर्ने अधिकारीले प्रमाणित गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा नं ३ प्रशासकिय भवन निर्माणको लागी रु८५७२१५४ को संशोधित लागत अनुमान तयार गरेको तथा सम्झौता अनुरुप हालसम्म जम्मा रु ८५८५४९९ भुक्तानी भएको विवरण पेश भएको छ । कार्यसम्पन्न प्रतिवेदनमा उल्लेखित आईटम नं १९ को झ्यालको कामको लागी ३९६ वर्ग फिट को रु८२०।९४ का दरमा जम्मा रु ३२५०९३ को काम गर्ने सम्झौता भएको तर अन्तिम विल सम्म जम्मा ६२१ वर्गफिट कामको प्रति वर्ग फिट रु ८२०।९४ का दरमा जम्मा रु ५०९८०५ भुक्तानी भएको देखिदा ६४ प्रतिशत बढी कामको भुक्तानी भएको छ । पालिकाले संशोधित लागत अनुमान समेत तयार गरेकोमा सो आईटममा ६४ प्रतिशत सम्म बढीको काम भएको जनाएकोमा भेरिएसन आदेश जारी भएको नपाईएकोले नियमसम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,०९,८०५ |

५७ **उपभोक्ताको काममा शत प्रतिशत काम मेशिनवाट गराएको**

**प्रदेशसरकार पुजिगत तर्फ -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ ( ९ ) उपभोक्ता समिति बाट सञ्चालन हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर जस्ता हेभी मेशिन प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने प्रकृतिको कार्य भनि उल्लेख गरेको रहेछ भने त्यस्तो मेशिन प्रयोग गर्न का लागि सार्वजनिक निकायवाट सहमति लिनु पर्ने व्यवस्था भएकोमा सहमति नलिई पालिकाले डाडाखर्क हुदै थलाखर्क शिवपुरी सडक निर्माणका लागि थलाखर्क शिवपुरी उपभोक्ता समिति संग मिति २०८०।१।१५ मा कार्य सम्पन्न गर्ने गरी कार्यलयवाट रु २४७५०००। व्यहोर्ने गरी सम्झौताभएको मा कार्यलयले सो कामका लागि नर्म्स तयार गर्दा नै सो कामको लागि हाइड्रोलिक एक्साभेटर प्रयोग गर्ने लागत अनुमान वनाइ उपभोक्ता समितिले संजय एण्ड सुप्रिम कन्सल्टेन्ट प्रा लि को एक्साभेटर भाडामा लिइ निजको वील रु १००६१७९ र सो मा लाग्ने २० थान जय सुन्दरीमाई आयल स्टोर वाट डिजेल को वील १५६४०७२ गरी जम्मा २५७०२५१ को वील

उठाई निज उपभोक्ता समितिलाई कर कट्टा गरी रु २३६६६१९ भुक्तानी गरेको देखिन्छ भने कुल कामको १०० प्रतिशत नै मेशिन वाट काम भएकोमा मेशिन प्रयोग गर्नका लागि स्वीकृति पनि नलिएको र श्रम मुलक काममा वढी उपभोक्ता समितिलाई लगाउनु पर्नेमा मेशिन वाट काम गराएको उक्त उपभोक्ता समितिलाई एक्साभेटर चलाउने स्कृति नलिइ रु२३६६६१९। भुक्तानी दिएको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २३,६६,६१९ |

५८ **ननफाईलर**

**एकीकृत स्वास्थ पुर्वाधार विकास कार्यक्रम तर्फ -** मुल्य अभिवृद्धिकर ऐन २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्यअभिवृद्धि कर को विवरण अर्को महिनाको २५ गते भित्रमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले १० वेडको आधारभुत हस्पिटल निर्माण गर्नका लागि कविन्द्र वल्डवाइज जलकुनी जे भी संग सम्झौता भइ निजलाइ यस वर्ष ३ वटा आइपिसि वाट रु ४२४२४२८९।२८ भुक्तानि दिएकोमा निजले कर विवरण नवुझाई २०७९।M।११ देखि ननफाईलर देखिएकोले निजलाई दिएको २३२२२४०।०२ को ७० प्रतिशतले हुने रु १६२५५६८।१० कर दाखिला गरेको कर समायोजन को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,२५,५६८ |

५९ **विल भरपाई -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका निर्माण योजना अन्तर्गत रनिङ्ग विल वापतको रकम भुक्तानी दिँदा विमा तथा ल्याव टेष्ट वापतको भुक्तानी दिएकोमा निर्माण व्यवसायीले रनिङ्ग विल पेश गर्दा पि एस आईटममा उल्लेखित आईटमको विल पेश नभएकोले सो विल र रिपोर्ट पेश हुनुपर्ने अन्यथा सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| गो भौ नं | निर्माण व्यवसायी | योजना | भुक्तानी रकम | विल पेश नभएको | कैफियत |
|---|---|---|---|---|---|
| १२८।११।१७ | कन्सोलिडेटेड विल्डर्स | प्रतिक्षालय निर्माण | १५३४०२० | २५००० | ल्याव टेष्ट |

**(प्रारम्भिक प्रतिवेदनउपर श्रीकृष्ण वहुलादेवि नाटेश्वरी जे.भि.को दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु. ५०००० सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,००० |

६० **मुल्य अभिवृद्धि कर** - मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) तथा आर्थिक ऐन २०७८ अनुसार ठेक्का वा करार अन्तर्गत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्धि कर भुक्तानी गर्दा सो कर रकमको ३० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । नमुना छनोटका आधारमा परीक्षण गरिएका भुक्तानीमा यस पालिकाले उक्त व्यवस्था वमोजिम ३० प्रतिशत मु.अ.कर रकम कट्टी नगरी निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई शतप्रतिशत मु.अ.कर भुक्तानी दिएको देखियो । पालिकाले युनिक कम्प्युटर हाउस लाई विजक नं ०३८।१०।१३ वाट रु ७७७८७६ को मुल्य अभिवृद्धि कर रु १०११२३ सहित रु८७८९९९ भुक्तानीमा ३० प्रतिशत मु.अ.कर रकम रु३०३३७ कट्टी गरेर मात्र भुक्तानी दिनुपर्नेमा शत प्रतिशत मुल्य अभिवृद्धि कर भुक्तानी भएकोले सो मु.अ.कर सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट समायोजन भएको प्रमाण पेश हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,३३७ |

६१ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| ८४।८।२६ | वडा नं १ सडक निर्माण समिति | ७२७५०० | जे सि वि | ७९१३३९ |
| ९२।९।२० | वडा नं ४ सडक निर्माण समिति | ८५२१२६ | व्याक्होलोडर | ९२००४६ |

६२ **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं १ कार्यालय भवन निर्माणका लागी आई एस निर्माण सेवा सँग मिति २०७८।६।२४ मा भएको सम्झौता अनुसार २०७९।३।२४ सम्म सम्पन्न गर्ने उल्लेख छ । सम्झौताको ७ दिनमा नै विभिन्न कारण देखाई

भेरिएसन आदेश माग गरेको र २०७८।७।१४ मा स्विकृत समेत भएको छ । निर्माण व्यवसायीले कार्यालयमा २०७९।६।७ मा नापि तथा कार्यसम्पन्न प्रतिवेदन तथा निवेदन समेत पेश गरेकोमा सम्झौता भन्दा ७३ दिन ढिला अर्थात् सुरु सम्झौताको २५ प्रतिशत भन्दा बढी अवधिमा सम्पन्न गरेको देखियो । कार्यालयले २०७९।५।२४ मा अनुगमन समितिले कार्यप्रगतिको अनुगमन गरेको जनाएको छ । खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई कार्यालय प्रमुख तथा कार्यपालिका समेतले २५ प्रतिशत भन्दा बढी अवधि समेतको म्याद थप गरेको देखिएन । खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्य गर्ने निर्माण व्यवसायीबाट कुल सम्झौता अंक रु ८०२७१५५।१२ को नियममा व्यवस्था भएअनुसार प्रतिदिन रु ४०१३।५८ का दरमा जम्मा ७३ दिनको रु२९२९९१।१६ पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९२,९९१ |

६३ **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितको वडा नं ३ कार्यालय निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | ठेक्का अर्थात् हालसम्मको भुक्तानी |
|---|---|---|---|---|
| ३२।६।५ | वडा नं ३ कार्यालय भवन निर्माण उपभोक्ता समिति | शिवपुरी वडा नं ३ कार्यालय भवन निर्माण | २४०८३५१ | ८५,७२,१५४ |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

६४ **वीमा नगरेको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने उपभोक्ता समितिले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमका काममा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको पाईयो । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| योजनाको नाम | सम्झौता रकम | भुक्तानि रकम |
|---|---|---|
| डाडाखर्क हुदै थलखर्क सडक उपभोक्ता समिति | २५८५०५८ | २३३३६५१ |
| लोकमार्ग सल्लेमैदान हे.पो. सडक उपभोक्ता समिति, शिवपुरी-३, नुवाकोट | २७२१८०७ | २३८८४०९ |
| पिरतिटोल थापाटोल हुदै महतटोल खानेपानी आयोजना उ.स. शिवपुरी गा.पा. ६ नुवाकोट | २५८११३२ | २३७७१४६ |

६५ **सामाजिक सुरक्षा -**

६५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडामा राख्नुपर्ने व्यवस्था भएता पनि पालिका र वडाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको देखिएन । पालिकाले अनिवार्य रुपमा लाभग्राहीको फोटो सहितको अभिलेख राख्नु पर्ने ।

सोही कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यवस्था भएअनुसार लगत कट्टा गरेको तथा अनुसुचि ११ बमोजिमको विवरण माग गरी रकम फिर्ता गरेको पाइयो । दफा २३ र २६ मा बैंकले लाभग्राहीको बैंकको निश्क्रिय खाताको जानकारी प्रत्येक श्रावण महिना भित्र विभाग र स्थानिय तहलाइ दिनुपर्ने साथै रकम नझिकेका लाभग्राहीको विवरण अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी स्थानिय तहले आवश्यक छानविन गरी कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नपाइएमा रकम फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको मा सो वमोजिम बैंकले जानकारी दिएको देखिएन साथै अनुसुची ११ बमोजिमको विवरण प्राप्त नहुँदा निश्क्रिय खाताको रकम एकिन गर्न तथा वढी भुक्तानीको गणना गर्न सकिएन ।

६५.२ **दोहोरो भुक्तानी -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी रामबहादुर तामाङको नाममा दोहोरो भुक्तानि दिएको देखिन्छ । यसरी दोहोरो भुक्तानी गएको रकम असुल उपर गर्नुपर्ने रु

| व्यक्तिगत परिचय पत्र | परिचय पत्र नं. | नाम | लिङ्ग | उमेर | जन्म मिति | ना.प्र. नं. | रकम |
|---|---|---|---|---|---|---|---|
| 2011010515448 | 25-3381210150320253 | RAM BAHADUR TAMANG | MALE | 69 | 5/1/2011 | 4151 | ८००० |
| 2011010514383 | 25-6002617101220214 | Ram Bahadur Tamang | MALE | 69 | 5/1/2011 | 4151 | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

६५.३ **दोहोरो सुविधा -** सामाजिक सुरक्षा ऐन २०७५ को दफा १५ मा नेपाल सरकार प्रदेश सरकार स्थानिय तह वा उल्लेखित निकायको आंशिक वा पुर्ण स्वामित्व भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक निवृत्तिभरण अवकास सुविधा वा अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने उल्लेख छ । जिल्ला हुलाक कार्यालय नुवाकोटको डाँक वाहक पदमा कार्यरत देहायका कर्मचारीले आ व ०७९/८० मा दोहोरो सुविधा लिएको देखिदा सामाजिक सुरक्षा लाभग्राही बाट नाम कट्टा गरी दोहोरो सुविधाको सामाजिक सुरक्षा वापतको रकम असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| नाम | जन्म मिति | ठेगाना | कार्यरत कार्यालय | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| ज्ञान बहादुर अधिकारी | १०/२४/१९९९ | शिवरपुरी-१ | जिल्ला हुलाक कार्यालय | ४८००० |
| भरत वहादुर वुढाथोकी | ११/३०/२००६ | शिवरपुरी-४ | जिल्ला हुलाक कार्यालय | ४८००० |
| तोरण वहादुर वस्नेत | ११/३०/२००३ | शिवरपुरी-४ | जिल्ला हुलाक कार्यालय | ४८००० |
| होम प्रसाद पाण्डे | ०४/१०/२००६ | शिवरपुरी-८ | जिल्ला हुलाक कार्यालय | ४८००० |
| | | | | १९२००० |

**(प्रारम्भिक प्रतिवेदनउपर श्री शिवबहादुर क्षेत्रीको दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु. ४८००० सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९२,००० |

६५. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा

४ नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ ।यस पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकार बाट रु ११५१३४००० बजेट प्राप्त भएकोमा रु ११०४१५९०१ निकासा भइ बैंकले लाभग्राही खातामा दाखिला गरी बैंक खातामा रहेको मौज्दात रु ६९०५०५ संघीय संचित कोषमा फिर्ता गरेको देखियो भने आ व ०७९/८० को बाँकी रु ३१५५२ संघीय संचित कोषमा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,५५२ |

६६ **धरौटी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका फर्महरुको धरौटी फिर्ता दिँदा मु अ कर समायोजन पत्र र कर चुक्ता प्रमाण वेगर भुक्तानी दिएकोमा कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| **गो भौ नं** | **नाम** | **आ व** | **रकम** | **वैंक ग्यारेण्टी रकम** | **मिति** | **बैक नाम** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| ७-२०७९/६/९ | रेजेन्सी विल्डर्स प्रालि | ०७८/०७९ | ६४८३०० | ३५०००० | 17-Aug-23 | नविल वैंक | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र नभएको |
| | | ०७८/०७९ | | ३०५००० | 17-Aug-23 | | |
| १०-२०७९/७/१६ | निर्वप प्रालि | ०७८/०७९ | ७५००० | | | | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र नभएको |
| १५-२०७९/८/२० | आइ एस निर्माण | ०७८/०७९ | ७२३९९३ | ३४८००० | 3-Sep-23 | प्राइम कर्सियल | करचुक्ताको प्रमाणपत्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सेवा प्रा लि | | | ३७७००० | 3-Sep-23 | बैंक लि | तथा मु अ कर समायोजन पत्र नभएको |
| १८-२०७९/९/२४ | स्टार अभियान कन्स्ट्रक्सन प्रा लि | ०७८/०७९ | १२०००० | | | | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र नभएको |
| २०-२०७९/९/२४ | स्टार अभियान कन्स्ट्रक्सन प्रा लि | ०७९/०८० | १८०००० | | | | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र नभएको |
| २५-२०७९/११/१० | हेल्पीङ मल्टिप्रपोज प्रा लि | ०७९/०८० | ४०५००० | ४०५००० | 17-Nov-80 | कृषि विकास बैंक लि | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र नभएको |
| २८-२०७९/११/१७ | गणपति कन्स्ट्रक्सन | | १७७५९९ | | | | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | नभएको |
| ३५-२०८०/२/१ | गौरेश्वर युवराज जे भी | | २६२५२७ | | | | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र नभएको |
| ३६-२०८०/२/१ | गौरेश्वर युवराज जे भी | | ७१४५८ | | | | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र नभएको |
| ४२-२०८०/२/२१ | खोलेगाउँ निर्माण सामाग्री उद्योग प्रालि | ०७८/०७९ | ७५५०० | | | | करचुक्ताको प्रमाणपत्र तथा मु अ कर समायोजन पत्र नभएको |
| | जम्मा | | २७३९३७७ | | | | |

**(प्रारम्भिक प्रतिवेदनउपर मैनावती स्टिल इन्डस्ट्रिज प्रा.लि.को कर समायोजन पत्र प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु. ९६६४६ सम्परीक्षण गरिएको ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,३९,३७७ |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: शिवपुरी गाउँपालिका, नुवाकोट , शिवपुरी गाउँपालिका , नुवाकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वसन्त कार्की | २०७९-४-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गंगादेवी श्रेष्ठ | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९२२,५८६ | ३,७५४,६४५ | ५,६२७,०३९ | ० | ० | ४०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १०,३४४,२७० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरीसंपरीक्षण भएको रकम रु.** | ३३३,०७१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १०,०११,१९९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षकोजिम्मेवारी** | | ३७३५५८०४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६१९१३५०० | **चालु खर्च** | ३१६२६३२२४ |
| **प्रदेश सरकारबाट अनुदान** | ७५४२०००० | **पूँजीगत खर्च** | १९१०५०२६३ |
| **राजश्व बाँडफाँट** | ८५२९७५३० | **वित्तीय/अन्य व्यवस्था** | १५७७८८२६९ |
| **आन्तरिक आय** | २१६४७७७८ | | |
| **अन्य आय** | १५५७५२६०६ | | |
| **कुल आय** | ७०००३१४१४ | **कुल खर्च** | ६६५१०१७५६ |
| **बाँकी मौज्दात** | | ७२२८५४६२ | |

**बेरूजु दफा २.१ सँगसम्बन्धितविवरण - अनुसूची -३**

शिवपुरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

कार्यालयको कोड : ८०३२९५०९३००

वित्तीय प्रतिवेदन

| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ६२,१०,०८,०७०.६६ | ५५,२४,६०,५८६.३४ | ५५,२४,६०,५८६.३४ | ५०,६८,२२,०४८.६७ | ५०,६८,२२,०४८.६७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ६१,३७,२२,९८२.६६ | ५४,४२,७८,८०७.३४ | ५४,४२,७८,८०७.३४ | ४९,३८,७२,१२४.६७ | ४९,३८,७२,१२४.६७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११००० कर | ११,२१,४२,०००.०० | ९,०९,३६,७२९.५१ | ९,०९,३६,७२९.५१ | ९,७०,०१,३९७.८७ | ९,७०,०१,३९७.८७ |
| १३००० अनुदान | ४४,६३,१६,०००.०० | ४३,७३,३३,५००.०० | ४३,७३,३३,५००.०० | ३९,४२,५८,०००.०० | ३९,४२,५८,०००.०० |
| संघीय सरकार | ३६,९३,९६,०००.०० | ३६,१९,१३,५००.०० | ३६,१९,१३,५००.०० | ३४,२७,८९,०००.०० | ३४,२७,८९,०००.०० |
| प्रदेश सरकार | ७,५४,२०,०००.०० | ७,५४,२०,०००.०० | ७,५४,२०,०००.०० | ४,७८,२२,०००.०० | ४,७८,२२,०००.०० |
| अन्तरिक श्रोत | ०.०० | ०.०० | ०.०० | २१,००,०००.०० | २१,००,०००.०० |
| जनसहभागिता | १५,००,०००.०० | ०.०० | ०.०० | १५,४७,०००.०० | १५,४७,०००.०० |
| १४००० अन्य राजस्व | ३,२०,९८,०००.०० | १,६०,०८,५७७.८३ | १,६०,०८,५७७.८३ | २६,१२,७२६.८० | २६,१२,७२६.८० |
| ३२००० वित्तीय सम्पत्ति | २,३१,६६,९८२.६६ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | ७२,८५,०८८.०० | ८१,८१,७७९.०० | ८१,८१,७७९.०० | १,२९,४९,९२४.०० | १,२९,४९,९२४.०० |
| वितरण गर्न बाकी राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | ७२,८५,०८८.०० | ३३,५३५.०० | ३३,५३५.०० | ५१,३७,६७३.०० | ५१,३७,६७३.०० |
| धरौटी | ०.०० | ८१,४८,२४४.०० | ८१,४८,२४४.०० | ७८,१२,२५१.०० | ७८,१२,२५१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | ६२,१०,०८,०७०.६६ | ५१,३२,५७,९९४.४४ | ५१,३२,५७,९९४.४४ | ४९,३१,७५,५६५.८० | ४९,३१,७५,५६५.८० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६१,३७,२२,९८२.६६ | ५०,२२,२५,८४१.४४ | ५०,२२,२५,८४१.४४ | ४७,९२,८६,७६०.८० | ४७,९२,८६,७६०.८० |
| २१००० पारिश्रमिक / सुविधा | २३,३६,४२,०००.०० | २१,०२,६३,५३२.४६ | २१,०२,६३,५३२.४६ | १८,४०,९५,८२१.८० | १८,४०,९५,८२१.८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १२,८७,०७,०००.६६ | ९,०७,५४,५४४.९८ | ९,०७,५४,५४४.९८ | ११,६०,५७,३५६.०० | ११,६०,५७,३५६.०० |
| २५००० सहायता | ९०,७७,०००.०० | ८५,५८,२६८.०० | ८५,५८,२६८.०० | ६३,९८,३९७.०० | ६३,९८,३९७.०० |
| २६००० अनुदान | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० | ७१,०५,०००.०० | ६३,६०,१२९.०० | ६३,६०,१२९.०० | ९०,३५,०७३.०० | ९०,३५,०७३.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| सामाजिक सुरक्षा | | | | | |
| २८००० अन्य खर्च | २०,००,०००.०० | ३,२६,७५०.०० | ३,२६,७५०.०० | १०,२०,८८१.०० | १०,२०,८८१.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २३,३१,९१,९८२.०० | १८,५९,६२,६१७.०० | १८,५९,६२,६१७.०० | १६,२६,७९,२३२.०० | १६,२६,७९,२३२.०० |
| घ. अन्य भूक्तानी | ७२,८५,०८८.०० | १,१०,३२,१५३.०० | १,१०,३२,१५३.०० | ४९,३१,७५,५६५.८० | ४९,३१,७५,५६५.८० |
| कोषहरु | ७२,८५,०८८.०० | ४२,५१,३८७.०० | ४२,५१,३८७.०० | ८७,१२,८३०.०० | ८७,१२,८३०.०० |
| धरौटी | ०.०० | ६७,८३,०१६.०० | ६७,८३,०१६.०० | ५१,७५,९७५.०० | ५१,७५,९७५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (२,२५०.००) | (२,२५०.००) | | |
| ङ. यो वर्षको बचत (न्युन) | | ३,९२,०२,५९१.९० | ३,९२,०२,५९१.९० | १,३६,४६,४८२.८७ | १,३६,४६,४८२.८७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ४,०२,०१,६७८.६६ | ४,०२,०१,६७८.६६ | ५,०९,३१,४६३.०० | ५,०९,३१,४६३.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ७,९४,०४,२७०.५६ | ७,९४,०४,२७०.५६ | ६,४५,७७,९४५.८७ | ६,४५,७७,९४५.८७ |
| बैंक तथा नगद बाकी | | ८,०३,६६,४६४.३९ | ८,०३,६६,४६४.३९ | २,०८,२६,३३८.६७ | २,०८,२६,३३८.६७ |